# मकालु गाउँपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/०७/१६
प्रमाणीकरण मितिः २०७५/०७/१६
राजपत्रमा प्रकाशित मितिः २०७५/०७/२६

**प्रस्तावनाः**

स्थानीयस्तरको विकास निर्माणमा नीजि क्षेत्रको ज्ञान र सीप उपयोग गर्न तथा सार्वजनिक खरीद ऐन, २०६३ को मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शीता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वासनियता तथा भेदभावरहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा नीजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी तथा मकालु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेकोछ ।

**(१) संक्षिप्तनाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५"** रहेकोछ ।

(२) यो कार्यविधि गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

**(२) इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

(१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजत पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(३) नयाँ इजाजत पत्र सम्बन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईञ्जिनीयर/सव ईञ्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ ।

(३) दफा (३) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिससहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिससहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म वा कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई नीजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(४) इजाजतपत्रको अवधि र नविकरण :**

(१) दफा (३) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा (५) बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालू आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिनाभित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरिसकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित मकालु गाउँपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजतपत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण

अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न गाउँपालिका वाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नविकरण गरिदिनेछ ।

**(५) इजाजत-पत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा सङ्गठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लङ्घन नभएको सम्बन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मनासिव माफिकको मौका दिइनेछ ।

(३) दफा (४) को उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजत पत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**(६) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

(१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**(७) प्रचलित कानुन बमोजिम हुने :**

(१)यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**(८) बचाउ :**

(१)यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

## अनुसूची १

**कार्यविधिको दफा ३ को उपदफा(१) सँग सम्बन्धित**

**श्री मकालु गाउँकार्यपालिकाको कार्यालय**

**नुम, सङ्खुवासभा ।**

**विषय :** इजाजतपत्र पाँउ भन्ने बारे ।

यस गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम निर्माण कार्य गर्नको लागि इजाजत पत्र पाउन देहायको विवरण भरी यो दर्खास्त पेश गरिएको छ ।

**१. दर्खास्त पेश गर्ने फर्म वा कम्पनीको**

नामः

ठेगानाः

पोष्टबक्स नं. टेलिफोन नं. फ्याक्स नं.

मोवाइल नं. इमेलः

२. **फर्म वा कम्पनीको प्रकृति :** (कुनै एकमा चिह्न लगाउनुहोस)

क) प्राइभेट लिमिटेड कम्पनी ख) पव्लिक लिमिटेड कम्पनी

ग) एकलौटी घ) साझेदारी

**३. सम्पर्कका लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :**

नाम थरः ठेगानाः

पोष्टबक्स नं. टेलिफोन नं. फ्याक्स नं.

मोवाइल नं. इमेलः

**४. फर्म वा कम्पनीको विवरणः**

दर्ता नं. दर्ता मितिः

अधिकृत पुँजीः जारी पुँजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

५. इजाजत पत्र लिन चाहेको वर्गः घ वर्ग

६. समूहीकरण हुन चाहेको समूह

**७. आर्थिक श्रोतको विवरण**

| **खाताको किसिम** | **रकम** | **वित्तिय संस्थाको नाम** |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

**८. कामदारको विवरणः**

(क) प्राविधिक

(ख) अप्राविधिक

(ग) अन्य

प्राविधिक कर्मचारीको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र मञ्जुरीनामा पेश गर्नु पर्नेछ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन तथा मेशिनरी औजारको विवरण :

| सि. नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

**द्रष्टव्य :** यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्व कागजात (दर्ता प्रमाणपत्र) र उक्त सवारी साधन तथा मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनि मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनुपर्नेछ।

**१०. यस अधि सम्पन्न गरेको कामको विवरण**

| सि. नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**११. कर चुक्ता गरेको प्रमाण कागजातः**

क. ख. ग.

यस दस्तखत फाराममा उल्लिखित सम्पुर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बझाउँला।

निर्माण व्यवसायीको छाप

दर्खास्तवालाको :

दस्तखत :

मिति :

**द्रष्टव्यः** यस दरखास्त फाराममा उल्लिखित व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्ने छ र कार्यालयले मागेको बखत सक्कल कागजात पनि पेश गर्नु पर्नेछ।

## अनुसूची २
### कार्यविधिको दफा ३ को उपदफा(१) र दफा ४ को उपदफा (३) सँग सम्बन्धित

| क्र. सं. | इजाजतपत्र दस्तुर रु. | इजाजतपत्र नविकरण दस्तुर रु. | इजाजतपत्र नविकरण थप दस्तुर रु. | ईजाजतपत्रको प्रतिलिपी दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| | ५०००।- | ३०००।- | ६०००।- | १०००।- | |

**द्रष्टव्य :**

घ वर्गको निर्माण व्यवसायी कार्यविधि २०७५ को दफा (४) को उपदफा (२) बमोजिम म्याद भित्र इजाजतपत्र नविकरण गराउँदा इजाजतपत्र नविकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिनुपर्नेछ । यस बमोजिमको दस्तुर प्रत्येक आर्थिक वर्षमा आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनूसुची-३
### कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

## इजाजत पत्र

इजाजतपत्र नं.................. मिति : .............

**..........................गाउँपालिका**

**..................गाउँ कार्यपालिकाको कार्यालय**

...................................

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०........ को दफा उपदफा (४) बमोजिम निर्माण व्यवसाय........................स्थित कार्यालय भएको ...............................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

इजाजतपत्र दिनेको :-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने) कार्यालय :-

**नविकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनूसुची-४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क्र. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | सयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | ख्बचष्बतष्यल को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय : | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम: |
| | | | | | ........ | .......... | | | ......... | ........ |
| | | | | | ख) सम्झौता मिति : | ख) पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी | ख) सम्पन्न मिति | ख) सम्पन्न मिति : |
| | | | | | ........ | ........ | ........ | ........ | ........ | ........ |
| | | | | | ग) ठेक्का | ग) हस्ताक्षर | ख) पद : | ख) पद : | ग) सम्पन्न % | |
| | | | | | ........ | ........ | ........ | ........ | ........ | ........ |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम : | घ) नाम : |
| | | | | | | ........ | ........ | ........ | ........ | ........ |
| | | | | | | | घ) निर्णय मिति : | घ) छाप | पद : | पद : |
| | | | | | | | छाप | ........ | हस्ताक्षर | हस्ताक्षर |
| | | | | | | | | | ........ | ....... |
| | | | | | | | | | छाप | छाप |

## अनुसुची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता :**

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पच्चीस लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा कम्तिमा प्रमाण-पत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाण-पत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाण-पत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनुपर्नेछ ।

३. **मेशीन र उपकरण :**

(क) ट्रिपर/ट्र्याक्टर (एक/एकथान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine(एक सेट)
(घ) वाटर पम्प (तीनथान)
(ङ) भाइब्रेटर (एक थान)

**द्रष्टव्य :**

१. उपकरणको नामावली पेश गर्दा उपकरणको कम्पनी/संस्थाको आफ्नो स्वामित्वको प्रमाण-पत्रका साथै वीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा भएको कुरा मेकानिकल ईञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकतहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइनेछैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुनेछैन ।

आज्ञाले,
लवाहाङ राई
प्रमुख प्रशासकीय अधिकृत